# कागेश्वरी मनोहरा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**डाँछी, काठमाडौं**
**बागमती प्रदेश, नेपाल**

## लघु उद्यम विकास सहजकर्ता सेवा करारमा लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७७/०७/२७ गते)

प्रस्तुत विषयमा संघीय सरकारबाट (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) यस कार्यालयमा प्राप्त गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम-MEDPA) संचालनका लागि आवश्यक लघु उद्यम विकास सहजकर्ता करारमा लिनुपर्ने हुदाँ निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र माग बमोजिमको विवरण र राजस्व तिरेको भौचर समेत संलग्न गरी यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

**१. आवश्यक न्यूनतम योग्यता:-**

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तीर्ण गरेको ।
- नेपाली नागरिक
- करार सेवाको लागि कुनै कानूनले अयोग्य नठहरिएको ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
- निर्देशिकाको दफा ६ को खण्ड क बमोजिम योग्यता भएका, श्रम सूचि बैंकमा सूचिकृत भएका र अनुभव प्राप्त व्यक्ति एवं स्थानीयलाई प्राथमिकता दिईनेछ ।

**२. दरखास्त फारम पाईने स्थान:**

- कागेश्वरी मनोहरा नगरपालिकाको कार्यालय, महिला, बालबालिका तथा समाजकल्याण शाखा वा नगरपालिकाको वेभसाइट www.kageshworimanoharamun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

३. दरखास्त दिने अन्तिम मिति: २०७७।०८।११ गते कार्यलय समयभित्र

४. दरखास्त दस्तुर: रु.३०० (तिन सय मात्र)

५. छनौटको किसिम : छोटो सूची प्रकाशन र अन्तर्वार्ता

६. सेवा सुविधा: नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

**७.पदले सम्पादन गर्नुपर्ने काम:** संघीय सरकारको गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम ।

**८. आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु:**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- न्यूनत्तम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- २ प्रति पासपोर्ट साइजको फोटो,
- अनुभव सम्बन्धी कागजातहरु र विषयगत तालिम लिएको भए सो को प्रमाण-पत्रहरु

अन्य जानकारीको लागि: कागेश्वरी मनोहरा नगरपालिकाको वेवसाईट www.kageshworimanoharamun.gov.np वा कार्यालय (महिला, बालबालिका तथा समाजकल्याण शाखा)मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

थप जानकारीको लागि सम्पर्क न.. ९८४७०२००३६

गिरीराज ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत